# त्रिपुरासुन्दरी गाउँपालिकाको नवौं गाउँसभामा
# आर्थिक वर्ष २०७८/७९ का लागि
# अध्यक्ष  श्री शम्भुकुमार थापाज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

त्रिपुरासुन्दरी गाउँपालिका

**गाउँ  कार्यपालिकाको कार्यालय**

सल्यानटार,धादिङ

बागमती प्रदेश ,नेपाल

२०७८ असार १०

# <u>आ.व २०७८/०७९ को वार्षिक नीति,कार्यक्रम तथा बजेट</u>

## "समृद्ध त्रिपुरासुन्दरी,सुखी त्रिपुरासुन्दरीबासी "

**त्रिपुरासुन्दरी गाउँपालिकाको सम्मानितनवौं गाउँसभाका प्रमुख अतिथिज्यू ,विशिष्ट अतिथिज्यू ,अतिथिज्यूहरु,जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुखज्यू, उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु,राजनीतिक पार्टीका प्रमुख तथा प्रतिनिधिज्यूहरु प्रमुख प्रशासकीय अधिकृत लगायतसम्पूर्ण कर्मचारीमित्रहरु,विभिन्न सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु ,संचारकर्मी तथा सुरक्षाकर्मीमित्रहरु सबैमा हार्दिक अभिवादन!**

सर्वप्रथम लोकतान्त्रिक राज्य व्यबस्था परिबर्तनका विभिन्न आन्दोलन र अभियानहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाईते,अपाङ्गता भएका सम्पूर्ण योद्दाहरु रउनका परिवारप्रति समर्पित भई कोभिड-१९ को पहिलो र दोस्रो चरणको भ्यरियनटबाट संक्रमित भई मृत्युहुनु भएका सम्पूर्ण व्यक्तिहरुमा हार्दिक समबेदना प्रकट गर्दै उक्त महामारीबाट प्रभावित हुनुभएका सम्पूर्ण महानुभावहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु |

नेपाली जनताले पटकपटक गर्दै आएको त्याग,बलिदान र ऐतिहासिक जनयुद्ध र  जनआन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्बभौमिकता ,भौगालिक अखण्डता,राष्ट्रिय एकता,स्वधिनता र स्वभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार स्वतन्त्रता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, बिकास र संवृद्धिको आकांक्षा पूरा गर्न संबिधानसभाबाट पारित नेपालको संबिधान २०७२ को पहिलो कार्यान्वयन स्वरुप सम्पन्न स्थानीय तहको निर्बाचनमार्फत नेपालको इतिहासमा स्वतन्त्रता, स्वायत्तता र सुशासनको अधिकारसहित स्थापित यस  त्रिपुरासुन्दरी गाउँपालिकाको प्रांगणमा सिंहदरबारको अधिकार जनताको घरदैलोमा आएको अनुभूति हुनेगरी नवौं गाउँसभाको नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवशाली ठानेको छु|

नेपालको संविधानले तीन तहको सरकार व्यवस्था गरे अनुसार जनताले देख्न,छुन,बोल्न र प्रत्यक्ष व्यवहार गर्न पाउने संबैधानिक अधिकार प्राप्त स्थानीय सरकार हो|यो सरकार गठन भएको चार बर्ष पूरा भैसकेको छ । यो सरकारले ल्याउने नीति कार्यक्रमको अन्तिम बर्ष पनि हो | यो सरकारले आफ्नो कार्यकालभित्र भए गरेका राम्रा कामहरु नीतिगत रुपमा सामना गर्नुपरेको चुनौतीहरुलाई सामना गर्न सक्दा  भावी दिनहरुमा यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरु सहज हुने कुरा यहाँहरुमा बिश्वस्त गराउन चाहन्छु |

बिश्वभरी फैलिएको कोभिड-१९ दोस्रो भ्यरियन्टसम्म आइपुग्दा लकडाउन र महामारीका कारण गाउँपालिकाले चाहे जस्तो विकास निर्माणका कार्यहरु गर्न नसकेको कुरा यहाँहरुमा अवगत गराउन चाहान्छु तथापि यसका बाबजुत पनि गाउँपालिकाले थुप्रै रचनात्मक आम नागरिकलाई  प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा फाइदा हुने खालका विकास निर्माणका कार्यहरु संचालन भएको कुरा अवगत गराउन चाहन्छु|सल्यानटार मूल सडक कालोपत्रे गर्ने काम निर्माणाधीन अवस्थामा रहेको छ ,त्रिपुरासुन्दरी मन्दिर  तथा भ्यू पार्क निर्माण कार्य अन्तिम चरणमा रहेको छ |  सल्यानटारमा क्षेत्रीयस्तरको रंगशाला निर्माण कार्य शुरु गरिएको छ | मनपाङ खोला सल्यानटार खानेपानी सहलगानी आयोजना र गाउँपालिकाको संयुक्त साझेदारीमा तत्काल शुरु हुन गईरहेको छ | संघ ,प्रदेश र गाउँपालिकाको संयोजनमा रिग्ने हाइड्रोपावरबाट त्रिपुरासुन्दरी मन्दिर र वरपरका बस्तीमा लिफ्ट खानेपानी सिंचाई आयोजना संचालन हुँदै छ | त्यसैगरी वडा नं ४ कै साँदीखोला लिफ्ट खानेपानी ,वडा नं ५ को चिसापानी खोला लिफ्ट खानेपानी आयोजना निर्माणाधीन अवस्थामा छ | ठुलीबेंसी मूलपानी मुर्चोक सडक स्तरोन्नति, खहरे मसार आँपचौर बेलुन सडकको स्तरोन्नति , पानी ट्यांकी कोषढुंगा बुट्टार सडक स्तरोन्नति ,वडा नं २ को सल्यानटार चक्रपथ सडक स्तरोन्नति ,तिलाहार छेपेडांडा त्रिपुरासुन्दरी मन्दिर सडक स्तरोन्नति , भण्डारीपोखरी बिर्ता आगिन्चोक ,सल्लाघारी सुनपोखरी आहाले सडक स्तरोन्नति जस्ता कामहरु केहीखण्ड

सम्पन्न र केहीखण्ड निर्माणाधीन अवस्थामा रहेको अवगत गराउन चाहन्छु |

**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु !**

**अव म यस चालू आ.व ०७७/०७८ मा भएका मुख्य-मुख्य क्षेत्रगत उपलब्धिहरु यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु :**

## १.पूर्वाधार विकास:

| क्र.स | विवरण | कार्य प्रगति |
|---|---|---|
| १. | नयाँ सडक निर्माण | ८किमी भित्री शाखा सडक निर्माण कार्य सम्पन्न भएको |
| २. | सडक ग्राबिल | १४ किमी सडक ग्राबिल कार्य सम्पन्न भएको |
| ३. | सडक ढलान | ४३७ मिटर सडक ढलान कार्य सम्पन्न भएको |
| ४. | सडक मर्मत तथा स्तरोन्नति | ६५ कि.मि सडकहरुको मर्मत तथा स्तरोन्नति गरिएको |
| ५. | सडक सोलिङ | ५०० मिटर सोलिङ कार्य सम्पन्न भएको |
| ६. | झोलुंगे पुल | २ वटा सम्पन्न भएको |
| ७. | खानेपानी सुबिधा | २२% प्रतिशत जनसंख्यामा एक घर एक धाराको पहुँच पुगेको |
| ८. | ढल व्यबस्थापन | २६० मि. |
| **सिंचाई योजना** | | |
| १ | सिंचाई कुलो मर्मत | १३ वटा सिंचाई कुलो मर्मत गरिएको |

| | | |
|---|---|---|
| | तथा बिस्तार | |
| २. | नयाँ सिंचाई कुलो | नयाँ सिंचाई कुलोबाट १६५०रोपनी जग्गामा सिंचाई सुबिधा विस्तार भएको |
| ३. | पाईप वितरण | २०,००० मि. |
| **मन्दिर ,पाटी , चौतारा ,सामुदायिक भवन संरक्षण तथा निर्माण** | | |
| १. | मठ मन्दिर ,चर्च ,मदरसा | ९ स्थानमा मठ,मन्दिर, चर्च,मदरसा निर्माण गरिएको |
| २. | चौतारा | ३ वटा चौतारा निर्माण तथा मर्मत भएको |
| ३. | पाटी तथा सामुदायिक भवन | ५ वटा सामुदायिक भवन निर्माण तथा मर्मत कार्य भएको |
| **भवन** | | |
| १. | गाउँपालिका वडा कार्यालयको पक्की भवनहरु | गाउँपालिकामा थप प्रशासकीय भवन तथा वडा नं २,३ र ५ को वडा कार्यालय भवनहरु निर्माण कार्य हुँदै |

स्रोत :पूर्वाधार विकास शाखा

## २.सामाजिक विकास :

### शिक्षा

- ✓ स्वास्थ्य,शिक्षा , महिला बालबालिका तथा जेष्ठ नागरिक लगायतका सम्पूर्ण साविक सघीय तथा प्रदेशस्तरका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको |
- ✓ शिक्षकहरुका लागि विद्यालय सुधार योजनासम्बन्धी कार्यमूलक अनुसन्धान तालिम कार्यक्रम सम्पन्न गरिएको |

- ✓ राष्ट्रिय शिक्षा दिवस , रास्ट्रपति रनिंग शिल्ड भलिबल प्रतियोगिता लगायत विभिन्न खेलकुद कार्यक्रमहरु भव्यताका साथ सम्पन्न गरिएको |
- ✓ शिक्षा क्षेत्रको नियमित कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनुका साथै विभिन्न तहमा आबश्यक अनुदान शिक्षकको नियुक्ति गरी बिद्यालयको शैक्षिक गुणस्तर सुधार्न आबश्यक पहल कदमी लिएको |
- ✓ विभिन्न विद्यालयहरुलाई सूचना प्रबिधि मैत्री बनाउन कम्प्युटर जडान गर्नुका साथै विभिन्न विद्यालयहरुमा बिज्ञान प्रयोगशाला निर्माण गर्नुका साथै सबै विद्यालयहरुको शैक्षिक तथ्यांक अनलाइनमार्फत व्यवस्थित गरिएको |
- ✓ शैक्षिक क्यालेन्डर निर्माण , छात्राका लागि स्यानिटरी प्याड वितरण गर्नुका साथै एउटा विद्यालयलाई थप कक्षा संचालन गर्न अनुमति प्रदान गरिएको ।

**स्वास्थ्य**

- ✓ कोभिड -१९ दोस्रो लहरमा१६९ को PCR परीक्षण र ४२९ जनाको एन्टीजेन परीक्षण गरी जम्मा ५९८ जनाको स्वास्थ्य परीक्षण गरिएको |
- ✓ अक्सिजनसहितको १५ बेडको आइसोलेसन कक्ष प्राथमिक स्वास्थ्य केन्द्र सल्यानटारमा तयार गरिएको |
- ✓ १५ शैयाको अस्पताल भवन सम्झौता भई निर्माण सुरुवात भएको |
- ✓ वडा नं १ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य अन्तिम चरणमा रहेको |
- ✓ Digital X-Ray मेशिन खरिद गरी सेवा सुचारु गरिएको |

- ✓ २० थान कन्सल्टेटर पिएचसीमा जडान र २६ वटा अक्सिजन सिलिन्डरको व्यवस्था भएको ।

**महिला विकास**

- ✓ १२६ जना अपाङ्गलाई सहायता सामाग्री वितरणा गरिएको |
- ✓ १८ जना अपाङ्गलाई मैरीघार वितरणा गरिएको |
- ✓ ७ वटा वडाका २९५ जना महिलाका लागि ३ महिने सीपमूलक सिलाइ वुनाइ तथा व्युटीपार्लर सञ्चालन गरिएको |
- ✓ १९ जना श्रीमान् बेपत्ता भएका महिलाका लागि ३८ वटा बाख्रा वितरण ।
- ✓ १८ वटा विद्यालयका बाल क्लव र २५ जना अनाथ बालवालिकाका लागि खेलकुद तथा शैक्षिक सामाग्री वितरण गरिएको |
- ✓ जेष्ठ नागरिकका लागि ५०० थान झुल वितरण ।

**३.आर्थिक विकास :**

**कृषि**

- ✓ ७ वटै वडाहरुमा १००० पाकेट च्याउको विऊ वितरण गरिएको |
- ✓ १००० पाकेट निशुल्क तरकारीको विउ , ७५ थान मौरीकोघार, ३४ थान प्लास्टिक टनेल ,७८ थान स्प्रेअर तथा २०८० के.जी उन्नत धानको विऊ वितरण गरिएको |
- ✓ कृषकहरुलाई तरकारी खेतीका लागि २० गोटा टनेल र किटनाशक औषधी छर्कने१०८ वटा स्प्रेयर वितरण गरिएको |
- ✓ माटे परीक्षण प्रयेगशाला स्थापना गरिएको |

**पशु विकास**

- ✓ १७ प्रकारका पशु आषधी निशुल्क वितरण गरिएको |

- ✓ ५४० केजी वर्षे र १२५०केजी हिउँदे घाँस किसानलाइ वितरण गरिएको |
- ✓ भैँसी प्रबर्धन कार्यक्रमबाट १०० वटा भैँसी किसानलाइ वितरण गरिएको |
- ✓ २७६ गाइ भैसीका लागि सुत्केरी भत्ता वितरण गरिएको |

## अन्य

- ✓ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका Employment Management Information System(EMIS) मा सूचीकृत १०६८ जना व्यक्तिहरुमध्ये २५८ जना व्यक्तिहरु प्राथमिकता क्रममा सूचीकृत भई ७१ जना व्यक्तिहरुले रोजगारी पाएको |
- ✓ लघु उद्यम कार्यक्रममार्फत १५ जनालाई प्लाम्बिङ्ग तालिम दिई प्रबिधि हस्तान्तरण गरिएको तथा ६ जना व्यक्तिहरुलाई कुखुरा पालनसम्बन्धी सीप विकास तालिम र प्रबिधि हस्तान्तरण गरिएको |
- ✓ ४० जना व्यवसायीका लागि कर भ्याट तालिम दिइएको ।
- ✓ हेफरसँगको साझेदारीमा पशु कृषि तर्फ ३५५ जनालाइ अधारशीला तालिम दिनुका साथै १५० वटा बाख्राके खेर निर्माण ४६१ वटा बाख्रा र बेका वितरण घाँसके १००केजी विउ र ८३८०३ विरुवा वितरण र फलफुलका ३२६२ विरुवा वितरण ।

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन:

- ✓ १७०० विरुवा वृक्षरेपन गरिएको ।
- ✓ विपद् व्यवस्थापन येजना तथा कानुन निर्माण ।
- ✓ ५ वटा स्थानमा वस्ती सरक्षण गरिएको ।
- ✓ २० थान टेन्टको व्यवस्था ।

## ५. संस्थागत विकास सेवा प्रवाह र सुशासन :

- ✓ गाउँपालिकाभित्रको राजश्व प्रणालीलाई अनलाइन प्रणालीद्वारा व्यवस्थित गरिएको|
- ✓ कार्यालयको सेवाप्रवाहलाई छिटो छरितो बनाउन विकास योजनाको सफ्टवेयर जडान गर्नुका साथै  मोबाइल एप्स संचालन गरी सूचना प्रवाहलाई पारदर्शी बनाइएको छ|
- ✓ सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत भुक्तानी गरिएको छ|
- ✓ गाउँपालिकाभित्र भएको आम्दानी र खर्चको विवरण वेवसाइट र सामाजिक संजालमार्फत सार्वजनिक गर्ने  गरिएको छ|
- ✓ गाउँपालिकाअन्तर्गत कार्यरत कर्मचारीहरुको दक्षता एबम् क्षमता अभिवृद्धिका लागि विविध प्रकारका तालिमहरु संचालन गरिएको|
- ✓ गाउँपालिकाकाबाट भए गरेका कार्यहरुमा पारदर्शिता तथा जवाफदेहिता कायम गर्ने उद्देश्यले वडा नं १,३,५ र ६ मा सार्वजनिक सुनुवाई गरिएको|
- ✓ सार्वजनिक सेवाप्रवाहलाई चुस्त छिटा छरिता पारिएको ।
- ✓ ३१ वटा कानुनहरु राजपत्रमा प्रकाशन गरिएको|
- ✓ अनुगमन गरेर मात्र येजनाके भुक्तानी गरिएको ।

## ६. न्यायिक समितिबाट सम्पादन भएका कार्यहरु:

- ✓ १४ वटा जग्गा विवादसम्बन्धी उजुरी परेकोमा सबै उजुरीहरु आपसी छलफलमा मिलापत्र भएको
- ✓ २ जना व्यक्ति हराएको सम्बन्धी समस्या समाधान गरिएको
- ✓ २ वटा घरेलु हिंसा उजुरी परेकोमा सबै उजुरीहरुको समस्यासमाधान गरिएको

- ✓ ४ वटा बालबिवाहसम्बन्धी  समस्या समाधान गरिएको
- ✓ ४ वटा खानेपानी तथा सडकसम्बन्धी विवाद दर्ता भएकोमा४ वटा लाई आपसी मिलापत्र गरी समाधान गरिएको|
- ✓ १ वटा उजुरी जिल्ला अदालत धादिङमा पठाइएको|

**यस सभाका प्रमुख अतिथिज्यू , बिशेष अतिथिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, अव म आ.व ०७८/०७९ का लागि नीति,कार्यक्रम र बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु|**

**दीर्घकालिन सोचः<u>"कृषि ,जलस्रोत ,पर्यटन र पूर्वाधार ; समृद्ध समाज त्रिपुरासुन्दरीको आधार"</u>**

**लक्ष्य :** यस गाउँपालिकाभित्र रहेको प्राकृतिक स्रोत साधनको समुचित र अधिकतम उपयोग गरी कृषि पेशा व्यवसायहरुको आधुनिकीकरण , घरेलु उद्योग व्यवसायलाई सवलीकरण , पर्यटकीय गन्तब्यको प्रचार प्रसार तथा प्रवर्द्धन तथा सामाजिक न्याय र समाबेशी विकासको आधारमा जोड दिई  रोजगारी सिर्जना गर्दै गरिवी निवारणमा टेवा पुर्रयाई हरेक नागरिकलाई आत्मनिर्भर बनाइनेछ |

**उद्देश्यः"समृद्ध त्रिपुरासुन्दरी, सुखी त्रिपुरासुन्दरीबासी** "को चाहनालाई साकार पार्न आर्थिक, सामाजिक, पूर्वाधार विकास ,वातावरणीय तथा विपद व्यबस्थापन , संस्थागत विकास , सेवाप्रवाह

र सुशासनको क्षेत्रमा सवल सक्षम समृद्ध त्रिपुरासुन्दरी गाउँपालिका निर्माण गरिने उद्देश्य लिईएकोछ |

**<u>अपेक्षित उपलब्धी:</u>**

१.समग्र आर्थिक क्षेत्रको विकासले हरेक नागरिकको जीवनस्तर उकास्न, रोजगारी सिर्जना गर्न र व्यवसाय तथा आयआर्जनमा आत्मनिर्भर उन्मुख हुँदै सकारत्मक परिवर्तन आउनेछ |

२.समग्र सामाजिक क्षेत्रको विकासले शिक्षा, स्वास्थ्य , खानेपानी तथा सरसफाई , सांस्कृतिक प्रबर्धन खेलकुद तथा मनोरंजन ,लैंगिक समानता तथा सामाजिक समावेशीकरणको माध्यमबाट नागरिकको जीवनस्तरमा सुधार आउनेछ |

३.पूर्वाधार क्षेत्रको विकासले गाउँपालिकाका सबै वडाहरु सडक संजाल(Road Connectivity)बाट जोडिन गई सर्वयामी रुपमा चल्ने चक्रपथ बन्नेछ साथै सुरक्षित भवन तथा सल्यानटार व्यवस्थित सहरीकरण उन्मुख हुनुका अलवा सबै नागरिकहरुमा संचारको पहुँच पुग्नेछ र नवीकरणीय तथा अनवीकरणीय उर्जाबाट प्रत्यक्ष लाभान्वित हुनेछन|

४.वातावरण तथा विपद व्यबस्थापनमा लिईएको नीति तथा कार्यक्रमले विश्व महामारी रुपमा फैलिएको कोभिड-१९ नियन्त्रण तथा न्यूनीकरणमा टेवा पुग्नेछ, हरेक विकास निर्माण गर्दा बायो-इन्जिनियरीङ्गमा राखिएको प्रावधानले भूक्षय , नदी कटान नियन्त्रण हुनुका साथै वातावरण संरक्षण तथा जलवायु

परिवर्तन र यसका प्रभावबाट हुने असरलाई अनुकूलित हुन टेवा पुग्नेछ |

५.सूचना प्रबिधि तथा सुशासन क्षेत्रको विकासले तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन हुँदै , व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारिता तथा पारदर्शिता बढ्न गई समाजमा सुरक्षाको अनुभूती र स्थानीय सरकारले लिएको भ्रस्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिले आम नागरिकहरुमा जवाफदेहिता र पारदर्शिताको महशुस हुनेछ |

## वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमागर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु :

यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधान अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय तहको एकल अधिकार, अनुसूची ९ मा व्यवस्था गरिएको साझा अधिकार स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,स्थानीय सरकार संचालन ऐन २०७४ , राष्ट्रिय योजनाबाट प्राप्त दिग्दर्शन, आवधिक योजनाहरु ,संघीय सरकार र प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेट रमार्गदर्शन, गाउँपालिका विगत बर्षका नीति तथा कार्यक्रम/योजना,मध्यकालिन खर्च संरचना दिग्दर्शन ,नागरिकहरुको माग तथा आवश्यकता र प्राप्त सुझावहरु

,राजनीतिक दल तथा नागरिक समाजबाट प्राप्त सुझावहरुलाई अवलम्बन गर्दै यो नीति कार्यक्रम तथा बजेट तय गरिएकोछ |

**<u>प्राथमिकताका क्षेत्रहरु:</u>**

- कोभिड-१९ को महामारी व्यवस्थापन
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरणमा जोड
- पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- वातावरण र दिगो विकास
- सर्वसुलव र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह
- आन्तरिक रोजगार प्रबर्धनमा जोड
- खानेपानी र सरसफाई व्यबस्थापन
- लैंगिक तथा सामाजिक समावेशीकरण
- सूचना प्रबिधिमा आधारित सेवा प्रवाह
- उद्यमशीलता र सहकारिताको विकास
- सदाचार र सुशासन
- विपद व्यबस्थापन उद्दार, राहत र पुनःस्थापना

**आर्थिक विकास :**

## क) आन्तरिक आय:

## "करका क्षेत्रहरु विस्तार, विकासकोआधार"

१.आफ्नो अधिकार क्षेत्रभित्रको प्राकृतिक र अन्य आर्थिक स्रोत संकलन परिचालनका लागि जिम्मेवार बनाएकोमा आन्तरिक आय वृद्धिगर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरी व्यवस्थित ढंगले करको दायरामा ल्याउन एक संयन्त्र निर्माण गरी परिचालन गरिनेछ|

२.सम्पति कर व्यबस्थापन कार्यविधि तर्जुमा गरीसम्पति कर लगाउने व्यबस्था मिलाइने छ |

३.घर नक्सालाई अनिबार्य तथा व्यवस्थित गर्दै घर बहाल करको दायरामा ल्याउने कार्य गरिनेछ|

४. ढुंगा गिट्टी बालुवा ,माटो,काठ दाउरा,जड्डीबुटीजस्ता प्राकृतिक स्रोत साधनलाई करको दायरामा ल्याइनेछ |

५. संचालित इट्टा भट्टा रफर्निचरहरु संचालन बिधि बनाई कार्यान्वयन गरिनेछ|

६.करदाता मैत्री सेवा प्रदान गर्दै करदाताहरुलाई पुरस्कृत गरिनेछ |

७.राजश्व संकलनका आधारमा वडागत रुपमा बढी राजश्व संकलन गर्ने वडालाई बजेट बाँडफाँडमा प्राथमिकता दिइनेछ|

८. करदाता व्यवसायीहरुलाई माग बमोजिमको PAN/VAT सम्बन्धीको तालिम दिइनेछ|

९. नागरिकले समयमा नै कर तिर्ने पद्धतिको विकास गराई करको दायरालाई फराकिले पारिने छ ।

१० असल करदातालाइ पुरस्कृत गरिने छ ।

**ख) कृषि तथा पशु विकास** :

**"कृषि क्षेत्रमा लगानी , सम्वृद्धिको बिहानी ”**

१.कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिई आत्मनिर्भरमुखी कृषिप्रणालीलाईव्यवसायमुखी एबम्प्रतिष्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गर्न जोड दिईने छ|माटोको उर्बर शक्तिलाई जोगाइ राख्न माटो परीक्षण कार्यलाई निरन्तरता दिईनेछ|

२.मौरी पालना, कुखुरापालन तथा बेमौसमी खेतीलाई व्यबसायिक बनाउन प्रोत्साहन गरिनेछ|

३.थलो सुधारमार्फत पशुपालनमा सहजता ल्याउन आबश्यक कार्यक्रम ल्याइने छ|

४.युवा तथा कृषकहरुलाई व्यावसायिक बनाउन बिशेष सीपमूलक र व्यवसायिक तालीमको व्यबस्था मिलाइने छ|

५.वाली बीमा र पशु बीमा कार्यक्रमलाई प्रभाबकारी बनाउन निरन्तरता दिइनेछ|

६.साझेदारी नीति बनाई कृषक/कृषक समूहहरुलाईकृषि औजार तथा विऊ बिजन वितरण कार्यक्रमलाईनिरन्तरता दिइएनेछ|

७.कृषि सामाग्री आपूर्ति, कृषि अनुसन्धान, कृषि प्रसार ,कृषि शिक्षा, कृषि ऋण , कृषि विमा जस्ता उत्पादनका अपरिहार्य तत्वलाई समयमा सम्बन्धित स्थानमा नै उपलब्ध गराइनेछ |
८.कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणको न्यूनीकरणमा ध्यान दिईनेछ|
९.गाउँपालिकास्तरीय फलफूल तथा बनस्पतिजन्य नर्सरी तथा पुष्पजन्य केन्द्र स्थापना गरी बिरुवा उत्पादनमा अनुदान व्यबस्थापनको नीति लिईनेछ|
१०.प्राकृतिक र कृतिम गर्भधारणको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई विभिन्न उद्देश्य मिल्ने सहकारीहरुसंग सहकार्य गरी आगाडी बढाइने छ |
११.प्राङ्गारिक मल र जैविक बिषादी उत्त्पादन गर्न कृषकहरुको बीचमा तालिम र प्रबिधि उपलब्ध गराइनेछ|
१२. कृषि बिऊ केन्द्र तथा घाँसको बिरुवा उत्पादन केन्द्र स्थापना गर्ने व्यक्ति वा कृषि समूहलाई अनुदान दिने नीति लिइनेछ |
१३.स्वच्छ तथा सफा मासु पसल तथा दुघ्ध डेरी संचालन प्रबर्धनका लागि आबश्यक नीति बनाई अनुदानको व्यबस्था मिलाइनेछ|
१४.बेरोजगार युवाहरुलाई आफ्नो सीप र क्षमताअनुसारको रोजगारमा आकर्षित गर्न कृषि तथा पशु शाखामार्फत अर्गानिक खेती साथै व्यवसायमा आधारित पशुपन्छी पालक उद्यमी

व्यबसायी र कृषकहरुलाई प्रदान गर्दै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ|

१५.कोभिड-१९ को दोस्रो लहरको कारण प्रत्यक्षअसर परेकाकृषि/पशुपालक उद्यमी,व्यबसायी र कृषकहरुलाई दर्ता हुने नयाँ फर्म र दर्ता भएका फर्महरुलाई दर्ता एबम् नवीकरण गर्दा लाग्ने शुल्कमा ५०प्रतिशत छुटको व्यबस्था गरिने छ|

१६.**"वडा भरी फूलबारी, धनी बनौ मौरी पाली"** को नीति लिईकम्तिमा **एक वस्तीमा,एक जेष्ठ नागरिक समूह** गठन गरी परेवा पालन, मौरी पालन कार्यक्रमलाई आबश्यक नीति बनाई अनुदानको व्यबस्था गरिने छ|यो अनुदान नीति सबै प्रकारका अपाङ्गमा पनि लागू गरिने छ|

१७.कोरोना महामारीका कारण विदेशबाट फर्किएका युबाहरुलाई सीप क्षमताको वर्गीकरण गरी स्थानीय उत्पादनमा ल्याउन आबश्यक नीति बनाइने छ|

१८.कम्पोस्ट मल बनाउने तालीम तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ|

१९.कृषि/पशु विकास कार्यक्रम संचालन गर्न हेफर इन्टरनेशनल प्रोजेक्टसंगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ|

२०.प्राकृतिक प्रकोप र जलवायु परिबर्तनसंग जुध्न सक्ने बैज्ञानिक र अनुसन्धानमा आधारितकृषि प्रणालीको बिकास गरिनेछ |

२१.उन्नत जातको गाई/भैंसी पालनलाई प्रबर्धन गर्न कृषकहरुलाई प्रोत्साहन स्वरूप पशुसुत्केरी भत्ता क्रमश स्थानीय गाईलाई रु

१५००|उन्नत जातका गाई र भैंसीलाई ३०००|- प्रदान गर्ने कार्यक्रमलई निरन्तरता दिइनेछ |

२२.शीतभण्डार तथा चिसानकेन्द्र निर्माण गर्न प्रदेश सरकार वा उद्देश्यमूलक सहकारीसंग समन्वय गरी साझेदारीमा निर्माण गरिनेछ|

२३.साना सिंचाई तथा थोपा सिंचाईको व्यबस्था गरी प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याइनेछ |

२४.कृषि तथा पशु मेला प्रदर्शनी र हाट बजार संचालन गर्ने व्यबस्था मिलाइनेछ |

२५.परम्परागत कृषि सामाग्री निर्माणकर्ताहरुको संरक्षण र बजारीकरणमा सहयोग गरिनेछ |

२६. कृषि, पशुपंक्षी तथा माछापालन व्यवसाय गर्ने किसानलाई मापदण्डको आधारमा अनुदानको व्यबस्था गरिनेछ |

२७. समुदायस्तरमा कृषि तथा पशु प्राबिधिकद्वारा सेवा उपलब्ध गराइने व्यबस्था मिलाइनेछ |

२८. पशुपंक्षीका लागि निशुल्क आषधीके व्यवस्था गरिनेछ |

## ग) सहकारी तथा वित्तीय क्षेत्र:

१.सहकारी संस्था व्यवस्थित गर्नका लागि सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन,कानून प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ|

२.पशु तथा कृषि उत्त्पादनसँग सरोकार राख्ने सहकारीका कार्यक्रमहरुमा गाउँपालिकाले ३०% सम्म साझेदारी गर्न सक्ने नीति बनाइनेछ|

३.साना किसान कृषि सहकारीसंग कृषि तथा पशुपालनको क्षेत्रमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ|

४.हरेक नागरिकहरुलाई सहकारीमा आवद्ध गराउन प्रोत्साहित गरिनेछ |

५.हरेक वडास्तरमा सहकारी सुपथ पसलहरु संचालन गर्न प्रोत्साहन गरिनेछ |

६.उत्पादन र रोजगारीमा आवद्ध सहकारीलाई पुरस्कार दिईनेछ |

७. सहकारीसंगको समन्वयमा **एक घर एक रोजगारी**अभियान संचालन गरिनेछ |

८.सहकारीमा आबद्द सदस्यहरुलाई क्षमता विकाससम्बन्धी तालिम दिइनेछ |

९.कर्मचारी तथा शिक्षकहरुलाई सहकारीको संचालक समितिमा बस्न नपाउने व्यवस्था गरिनेछ |

## घ) संस्कृति तथा पर्यटन:

**१.**गुरुयोजनासहितको त्रिपुरासुन्दरीको मन्दिरमा View Tower निर्माण गरी यहाँको सांस्कृतिक र पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा व्यापकता ल्याइने कार्यलाई निरन्तरता दिइने छ|

**२**. आन्तरिक पर्यटन विकास प्रबर्धनका लागि गाउँपालिकाभित्रका कर्मचारीहरुलाई ७ दिन सम्मको पर्यटन काज उपलब्ध गराइनेछ |

**३**.आगिन्चोकको फटिक खम्बा,ओडारे बनझाँक्री गुफा,कुभिन्डे मानेभिर गुफा ,मुर्चोकको निशान मन्दिर काफल डाँडा सुन्दरी माई मन्दिर ,रिग्ने hydropower,सल्यानटारको रानी पोखरी र नरसिंह धाम ,त्रिपुरासुन्दरी माईको मन्दिर, पाँचधारेको दूग्धनाथ मन्दिर,सुन्दरी माई मन्दिर पर्यटक पार्क ,ऐतिहासिक आरुघाट बजारलाई आन्तरिक र बाहय पर्यटक भित्र्याउन प्रचार प्रसार अभियान संचालन गरिनेछ|

**४**.अदिवासी कुमाल जातीको परम्परागत पेसाको संरक्षण गर्दै संस्कृति संरक्षण तथा सङ्ग्रालय निर्माण गर्न प्रोत्साहित गरिनेछ |

**५**. विद्यमान अवस्थामा रहेका मठ, मन्दिर, मस्जिद, प्राथना गृह, चर्च गुम्बालगायत धार्मिक सम्पदाको सरक्षण र सम्बर्धन गरिने छ|

**६**. बुढीगण्डकी नदीमा Rafting व्यवसाय प्रबर्धन गर्नका लागि River Guide तालिम संचालन गरिनेछ |

**७** .विभिन्न जातजाति भाषाभाषिकोसांस्कृति संरक्षण तथा सम्बर्धन गरिने छ|

**८**. चाप डांडामा सहिद पार्क निर्माण गरी पर्यटकीयस्थल बनाइनेछ |

**९** यस गाउँपालिका क्षेत्रभित्र अमरसिह थापा पर्यटन पार्क निर्माण गर्न व्यवस्था मिलाइने छ ।

# पूर्वाधार विकास

## "त्रिपुरासुन्दरीबासीको रहर ,व्यवस्थित सुबिधा सम्पन्न सल्यानटार शहर"

### ङ) सडक:

१.त्रिपुरासुन्दरी गाउँपालिकाभित्रका सबै वडाहरु छुने गरी निर्माण सुरु भएका सल्यानटार-खहरे -कार्की गाउँ बेलुन-गरगरे मुर्चोक मुलाबारी -ठुलोबेसी हुँदै गाउँपालिका भवन चक्रपथ निर्माण कार्य तदारुकताका साथ स्तरोन्नतिगर्ने कार्यलाई निरन्तरता दिईनेछ | साथै उक्त सडक सर्बयामी चल्ने बनाउन आवश्यक पूर्वाधार तयार गर्दै जाने कार्य सुरु गरिनेछ|

२.केन्द्र सरकार तथा प्रदेश सरकारसंग समन्वय गर्दै  सल्यानटार मूल सडक खण्ड (टारीबेंसी–खोल्सीहुँदै - बुट्टार– सिक्टार सडक ) स्तरोन्नति तथा कालोपत्रेगर्ने कामलाई  निरन्तरता दिइनेछ|

४.गाउँपालिका केन्द्रबाट सबै वडा कार्यालयहरुमा पुग्न सकिने गरी सडक संजाल (Road Connectivity) बाट जोडी यस्ता सडकहरुमा पक्की Drain निर्माण , वाल ग्याबिन,ग्राबिलजस्ता कार्यहरुलाई बिशेष प्राथमिकतामा राखी बाह्रै महिना चल्न सक्नेगरी योजनाहरुलाई निरन्तरता दिइनेछ |

५.सबै वडामा निर्माण भएका हेलिप्याडहरुलाई मर्मतका साथ व्यवस्थित गरिनेछ|
६.गाउँबस्तीस्तरमा पुरयाईएका साना सडकहरुलाई दिगो बनाउन गाउँपालिका र टेल विकास सस्थावीच ८०/२० प्रतिशतको साझेदारी लगानी अवधराणा लागू गरिनेछ|
७ सडक गुरुयेजना निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

## च) आवास तथा पुनर्निर्माणः

१. वडा नं १ रवडा नं७ को पक्की वडा कार्यालय भवन निर्माण गर्नुका साथै वडा नं ६ को वडा कार्यालय भवन मर्मत सम्भार गरिनेछ |

२. वास्तविक भूकम्प पिडित निस्सा कार्ड प्राप्त व्यक्तिहरुलाई लाभग्राही कायम गराउन आवश्यक पहल गरिनेछ |

३.गाउँपालिका क्षेत्रभित्र बाढी ,पहिरो ,भूकम्प ,आगलागी आदिबाट मानवीय तथा आवास पूर्ण रुपमा क्षति भएमा पुननिर्माण गर्नका लागि राहत बापत प्रति घरधुरी वढीमा रु १५०००|- सम्म राहत उपलब्ध गराइनेछ |

४.फुस खरको छानामुक्त गाउँपालिका घोषणा गरिनेछ |

५ सल्यानटारमा व्यवस्थित सहरीकरणका लागि सँघ र प्रदेश सरकारके समन्वयमा सहरीकरण गुरुयेजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

## छ) विद्युतः

१.त्रिपुरासुन्दरी गाउँपालिकाका सबै घरधुरीमा विद्युतको केन्द्रीय लाइन जडान भईसकेको छ|यसै वर्षभित्रमा काठका पोलमुक्त गाउँपालिका बनाउने नीति अबलम्बन गरिने छ| आबश्यकताअनुसार ट्रान्सफरमरहरुको व्यबस्था समेत मिलाउन पहल गरिने छ|

२.गाउँपालिका क्षेत्रभित्र प्राधिकरणको विद्युत महशुल काउन्टरलाई नियमित रव्यबस्थित बनाउन पहल गरिनेछ |

३.सल्यानटार मूल सडकमा रहेका अव्यवस्थित बिद्युतको पोलहरुलाई व्यवस्थित गरिनेछ |

## सामाजिक विकास

### ज)शिक्षा:

**"समाजबाद उन्मुख समृद्द राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति एबम दिगो शैक्षिक पूर्वाधार "**

१. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा अघि बढाई बिद्यालयहरुमा शिक्षकहरुको समतामूलक वितरणलाई सुनिश्चित गरिनेछ|
२. धार्मिक प्रकृतिका बिद्यालयलाई शिक्षाको मूलप्रवाहीकरण गर्न विशेष व्यबस्था गरिने छ|
३. विद्यालयमा शिक्षक र विद्यार्थीहरुको अनुपात हेरी गुणस्तरीय शैक्षिक अनुदान कोष तयार गरी औचित्यको आधारमा प्रदान गरिने छ|

४. शिक्षाको गुणस्तरीयता र समानतामा आधारित बनाउन गाउँपालिकास्तरीय परीक्षा व्यवस्थापन प्रणाली सुरुवात गरिने छ|
५. निर्वाचित जनप्रतिनिधि ,शिक्षक ,कर्मचारीका छोराछोरीलाई अनिवार्य रुपमा सरकारी बिद्यालयमा भर्ना गर्नुपर्ने व्याबस्थालाई प्रभावकारी बनाइने छ |
६. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्बजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्नसरोकारवाला निकायहरुसंग अन्तरक्रिया गर्ने व्यबस्था गरिने छ|
७. दलित,जनजातिसीमान्तकृत लोपोन्मुख जातजाति, गरीब तथा जेहनदार विद्यार्थीहरुलाई आवश्यकताका आधारमा छात्रबृति ,निशुल्क पाठ्यपुस्तक तथा शैक्षिक सामग्री वितरणमा सहजी-करण गरिनेछ|
८. समयसापेक्षविद्यालयका प्र.अहरु शिक्षक अभिभावक संघका अध्यक्षहरु, बिद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु भेला गरेर विद्यालयको समीक्षा गरी भावी दिनहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक पहल गरिनेछ |
९. विद्यालयको आवश्यकता र विद्यार्थी संख्या आदिका आधारमा अनुदान दिने प्राबधान मिलाइने छ |

१०.स्थानीय सरोकारवालाहरु, समुदाय र विकासका साझेदारी संस्थाहरुसँगको सहकार्यबाट शिक्षाको गुणस्तर अभिबृद्धि गरिने छ|

११.अपाङ्ग/भिन्न क्षमता भएका ब्यक्तिहरुको शैक्षिक पहुँचमा वृद्धि गरिने छ|

१२.बालविकास शिक्षासम्बन्धी सिकाइ सामाग्रीहरुको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरुप बनाइने छ|

१३.प्रबिधिमा आधारित शिक्षण प्रणालीलाई प्रोत्साहन गरिनेछ|

१४.सिकाइमा सूचना तथा संचार प्रबिधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा बिकास गर्न कम्प्युटर नभएका बिद्यालयहरुमा कम्तिमा पनि एक एक वटा कम्प्युटर र प्रिन्टर उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ|

१५.गाउँपालिकाभित्र विद्यालयहरुको नक्सांकन गरी विद्यालय एकीकरण तथा तह घटाउने नीति अबलम्बन गरिनेछ|

१६.गाउँपालिकाको हरेक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सो मार्फत कार्यक्रम संचालन गरिनेछ|

१७.अनिबार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्नविद्यालयबाहिर रहेका बालबालिकाहरुलाई विद्यालयहरुमा भर्ना गराउने कार्यक्रमलाई प्रभाबकारी बनाइने छ|

१८.बालविकास शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाबाट दिंदै आएको सुविधालाई निरन्तरता दिइनेछ|

१९.विगत बर्षदेखि गाउँपालिकाको आन्तरिक स्रोतबाटनियुक्ति भई कार्यरत  रहेका आधारभूत तहका सात  र माध्यमिक तहका सात गरी चौध जना  अनुदान शिक्षकहरुको मासिक तलब भत्तालाई निरन्तरता दिईनेछ|

२०.सामुदायिक क्याम्पसहरुलाई शैक्षिक अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ|

२१.विद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलापका साथै गाउँपालिकास्तरमा रास्ट्रपति कप, अध्यक्ष  कप लगायतको खेलकुद प्रतियोगितालाईनिरन्तरता दिइनेछ|

२२. सामुदायिक बिद्यालयका छात्राहरुलाई  स्यानिटरी  प्याड वितरण तथा सरसफाई व्यबस्थापन गर्न निश्चितरकम अनुदान दिने कार्यलाई निरन्तरता  दिईनेछ |

२३.गाउँपालिकाभित्रको सबै सामुदायिक बिद्यालयहरुमा स्मार्ट कक्षा संचालन गर्ने व्यबस्था मिलाइनेछ|

२४.उत्कृष्ट कार्य गर्ने बिद्यालय, शिक्षक तथा उच्च नतिजा ल्याउने बिद्यार्थीलाई पुरस्कृत गरिनेछ|

२५.कोभिड-१९ का कारण विधार्थीको अध्ययन अध्यापनमा असर परेकाले विद्यालयमा अतिरिक्त कक्षा संचालन गरिने व्यबस्था मिलाइनेछ |

२६.प्रत्येक  विद्यालयमा वालमैत्री वाल उद्यानको व्यबस्था क्रमश थालनी गरिनेछ |

२७. हरेक विद्यालयमा खानेपानी र शौचालयको व्यबस्था मिलाइनेछ |

२८.प्राबिधिक धारको उच्च शिक्षा अध्ययनरत आर्थिक अवस्था कम्जोर र लक्षित वर्गका विद्यार्थीलाई निश्चित मापदण्ड बनाई छात्रवृत्तिको व्यवस्था गरिनेछ|

२९.गाउँपालिकाभित्र रहेका स्वास्थ्य ,शिक्षा ,कृषि ,भेटेनरी लगायत अन्य सार्वजनिक सेवा कार्यालय संचालन व्यबस्थापन गर्न आवश्यकताको आधारमा अनुदान नीति अबलम्बन गरिनेछ |

३०.स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ |

३१. विद्यालयमा जंक फुड लाई निरुत्साहित गरिनेछ |

३२. गाउँपालिकास्तरीय खेल शिक्षक र संगीत शिक्षकको दरबन्दी सिर्जना गरी घुम्ती रुपमा सबै विद्यालयहरुमा सुबिधा उपलब्ध गराई खेलकुद र संगीतलाई प्रोत्साहित गरिनेछ |

**झ ) महिला विकास:**

१.गाउँपालिका कार्यालय तथा वडा कार्यालय भवनलाई महिलामैत्री बनाइनेछ|

२.शिक्षा , स्वास्थ्य तथा रोजगारीमा महिलाहरुको पहुँच वृद्धि गर्दै लगिनेछ|

३.महिला तथा बालबालिकामा कोभिड-१९ बाट पर्न गएको मनोसामाजिक असरलाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्शको कार्यक्रमलाई अगाडि बढाइनेछ|

४.महिला सशक्तीकरणका क्रममा गृहिणी शिक्षालाई प्रोत्सहान गरिने छ|

५.महिलामाथि हुने हिंसा र मानब बेचबिखन तथा ओसार पसार कार्यलाई निरुत्साहित गरिने छ|

६.महिलाहरुलाई मागका अधारमा सीपमूलक व्यावसायिक तालिम दिई व्यबसायतर्फ उन्मुख बनाउने नीति लिइनेछ|

७.जेष्ठ नागरिक र पारिवारिक सम्बन्ध सुधार कार्यक्रम ल्याइनेछ|

८.लामोसमयदेखि श्रीमान बेपत्ता भई एक्लिएका महिलाहरुलाई पहिचानको आधारमा आय आर्जन उन्मुख सहायता नीति बनाई अनुदान रकम उपलब्ध गराइनेछ |

९.आमा समूहहरुलाई नेतृत्व तथा क्षमता विकास तालीम दिईनेछ|

१०.लैंगिक उत्तरदायी समविकास कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ|

११.विकास निर्माणका हरेक चरणमा महिलालाई विशेष प्राथमिकता दिई **"विकासमा महिला,महिलालाई पहिला"** को नीतिलाई निरन्तरता दिईनेछ |

१२. बाबुआमा विहिन बालबालिका संरक्षण कोष , लैंगिक हिंसा निवारण कोषजस्ता कोषहरूलाई निरन्तरता दिईनेछ |

## ञ) बाल विकास:

१.बाल विकास केन्द्रको व्यवस्थापनामा जोड दिइनेछ|

२.बाल श्रमशोषणलाई निरुत्साहित गर्दै लगिने छ|

३.बालमैत्री स्थानीय शासन कार्यक्रम (CFLG) संचालन गरी वडा र गाउँपलिकालाई बालमैत्री वडा तथा गाउँपालिका घोषणा गरिने छ |

४.विकास निर्माणमा हुने भैतिक संरचनाहरुलाई बालमैत्री बनाइनेछ|

५.वडा र गाउँपालिकास्तरमा वालबालिकासँग सम्बन्धित काम कार्यवाहीको अनुगमन गर्न **बाल अधिकार समन्वय तथा अनुगमन समिति** गठन गरिने छ|

६.हरेक टोल ,वडा र विद्यालयहरुमा बाल क्लबहरु गठन गरी उनीहरुको हक अधिकार सुनिश्चित गर्ने कार्यक्रम संचालन गरिने छ|साथै गाउँपालिकास्तरीय बाल संजाल गठन गर्ने व्यबस्था मिलाईनेछ|

७.किशोरकिशोरी  समूहहरुलाई आवश्यक नेतृत्व क्षमता विकास तालीम दिइनेछ|

## ट) स्वास्थ्य:

## "स्वस्थ परिवार ,सुखको आधार "

१. सबै प्रकारका नियमित खोप सेवालाई समयमा नै लगाउने व्यवस्था मिलाइने छ ।

२.प्रसुती जाउलो कार्यक्रमलाई व्यवस्थित गर्दै निरन्तरता दिइनेछ |

३.हरेक वडामा कम्तिमा एउटा स्वास्थ्य केन्द्रको पूर्वाधार तयार गरी स्वास्थ्यमा नागरिकको सहज पहुँचको व्यबस्था मिलाईने छ |

वडास्तरमास्थापना भएका सामुदायिक स्वास्थ्य इकाईलाई स्वास्थ्य चौकीमा स्तरोन्नतिगर्न आबश्यक पहलकदमी लिइनेछ|

४.महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य सेवामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा विभिन्न शिविरहरु र घर परिवार सदस्यहरुसंग छलफल भेटघाट र अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ|

५.बाल तथा मातृमृत्यु दरमा न्यूनीकरणमा जोड दिइनेछ|

६.सुर्ती मदिरा र लागूपदार्थजन्य बस्तुहरुको प्रयोग नियन्त्रण गर्न प्रहरीके समन्वयमा सचेतनामूलक कार्यक्रमलाई संचालन गर्दै लगिने छ|

७.बर्थिंङ्ग सेवालाई प्रभाबकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी प्रतिक्षालय घर निर्माण गरी खान बस्न निशुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ|जसका कारण घरमा सुत्केरी हुने शून्य वडाहरु घोषणा गर्दै सिंगो गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ |

८.HIV/AIDS संक्रमित व्यक्तिहरुलाई यातायात खर्च बापत रु. १०,०००|-आर्थिक सहायता दिनेकार्यक्रमलाई निरन्तरता दिईनेछ|

९.आठ प्रकारका सम्बेदनशील रोग लागेका नागरिकहरुलाई राज्यबाट सुबिधा लिएकाको हकमा एकपटक र गरिव तथा राज्यको सुबिधाबाट बन्चित नागरिकको हकमा एक आर्थिक बर्षमा रु १०,०००| आर्थिक सहयोग दिने  नीतिलाई निरन्तरता दिईनेछ|

१०.एक विद्यालय एक नर्स कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ|

११.स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दीइनेछ|

१२.एक वडा एक स्वास्थ्य संस्था कार्यक्रमलाई निरन्तरता दिईनेछ|

१३.स्वास्थ्यकर्मीको तलबमानमा एकरुपता कायम गरिने छ ।

१४.सवै वडाहरुमा विशेषज्ञसहितको स्वास्थ्य शिविरलाई निरन्तरता दिईनेछ|

१५.नियमित खोप सेवामार्फत सरसफाई प्रबर्धन कार्यक्रम संचालन गरिने छ |

१६.महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई निरन्तरता दिईनेछ |

१७.सार्वजनिक महत्वका स्थाहरुमा सार्वजनिक शौचालय निर्माण अभियानलाई निरन्तरता दिइनेछ |

१८.प्रत्येक स्वास्थ्य संस्थालाई स्वास्थ्य सुरक्षा सामग्रीहरु र आवश्यक औषधीहरुको व्यवस्था मलाई स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ |

१९. कोभिड-१९ रोगको नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरुलाई चुस्त र प्रभावकारी बनाइनेछ |

२०.गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क क्याल्सियम, आइरन र फोलिक एसीड चक्की वितरण कार्यलाई निरन्तरता दिईनेछ |

२१. स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति उचित व्यबस्थापन गरी कामको आधारमा प्रोत्साहान भत्ताको व्यबस्था मिलाईनेछ |

२२. स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्सको उचित व्यवस्थापन तथा संचालनलाई प्रभावकारी बनाइनेछ |

२३.रानीपौवा आधारभूत स्वास्थ्य केन्द्रमा अवश्यक स्वास्थ्य कर्मचारीको करार दरबन्दी सिर्जना गरिनेछ |

२४. सुत्केरी करार महिला कर्मचारीहरुलाई ४५ दिन सुत्केरी बिदा दिने प्रबन्ध गरिनेछ |

२५. सल्यानटार PHC को भौतिक सरचनाको स्तरोन्नति गरिनेछ |

२६. आपतकालीन विरामी सुत्केरी दीर्घ रोगी र आकस्मिक बिमारीहरुले समयमा नै उपचार नपाइ ज्यान गुमाउन नपरोस भन्ने हेतुले वडा तहहरुमा पनि क्रमश एमबुलेन्स सेवा विस्तार गर्दै लाने नीति अबलम्बन गरिनेछ|

२७. बिगत वर्षहरुमा जस्तै विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारी गरी स्वास्थ्य  कार्यक्रम संचालन गरिनेछ|

२८ सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रमा विशेषज्ञसहितके स्वास्थ्य शिविर राख्ने व्यवस्था मिलाइने छ ।

२९ जिल्ला रेडक्रससँग साझेदारीमा गाउँपालिका क्षेत्रभित्र वसेवास गर्ने नागरिकहरुलाइ निशुल्क रगत उपलव्ध गराइने छ ।

३० Covid 19 का कारण मृत्यु भएका गाउँपालिका क्षेत्रभित्र वसेवास गर्ने नागरिकका अश्रित परिवारहरुलाइ किरिया खर्च वापत  रु १५०००। उपलव्ध गराइने छ ।

## ठ )खानेपानी:

१.स्वच्छ खानेपानी मानब जीबनको नैसर्गिक अधिकार हो| पानीका मुहानहरु भएका ठाउँमा व्यवस्थित वितरण गर्दै लगिनेछ| **एक घर एक धारा** अभियानलाई निरन्तरता दिईने छ | स्वच्छ पिउने पानी प्रबर्धन गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थासंग सहकार्य र प्रोत्साहित गरिने छ |

२.पानीका मुहान सहज नभएका ठाउँहरुमा प्रविधिको खोजी गरी**डिप बोरिंग,लिफ्टिंग प्रबिधि** र आकासे पानी जम्मा गरी प्रयोगमा ल्याउने बिधि अबलम्बन गरिनेछ|

३.खानेपानीको मुहान सरसफाई, बृक्षारोपण, भू-क्षय नियन्त्रण गरी, पानीको मुहान संरक्षण का लागि स्थानीय उपभोक्ताहरुको सहभागितामा संरक्षण गर्न प्रोत्साहन गरिने छ|

४.सल्यान्टारको पिउने पानी समस्यालाई दिगो रुपमा समाधान गर्न अल्पकालिन रुपमा **पाँचधारेको डिप बोरिंग, देउराली खोला लिफ्ट** योजनाहरु हाल संचालनमा रहेकोमा दीर्घकालीन रुपमामन्पाङ्ग खोला मुहानबाट सल्यानटार खानेपानी आयोजना नेपाल सरकारको सहलगानीमा आयोजना संचालन गरी "**एक घर, एक धारा**" वितरण कार्यलाई निरन्तरता दिइनेछ|

५.पानीका मुहानहरुमा गुणस्तरीयता मापनका लागि पानी परीक्षणका विभिन्न प्रविधिहरु अवलम्बन गरिने छ|

६.खानेपानी शुद्धीकरणका लागि विशेष पहल गर्ने नीति लिईनेछ |

७ सहलगानीमा निर्माण हुने सल्यानटार खानेपानी अयेजनाका लागि अवश्यक बजेटके व्यवस्था गरिने छ ।

## ड) जेष्ठ नागरिक तथा अपाङगता सम्बन्धमा:

१.गाउँपालिकाक्षेत्रभित्र रहेका अपाङ्ग व्यक्तिहरुको तथ्याङ्क सङ्कलन, अपाङ्गता जेष्ठ नागरिक परिचयपत्र वितरण र अद्यावधिक गरिनेछ|

२ सीमूलक रोजगारमूलक तथा आयमूलक कार्यक्रम संचालनमा जोड दिइनेछ|साथै अब बन्ने संरचनाहरु अपाङ्गमैत्री बनाउने नीति लिइनेछ|
३.अपाङ्गता पहिचान वर्गीकरण तथा सुबिधा र सहयोगका लागि गाउँपालिकास्तरमा नै कार्यबिधि बनाई लागू गरिनेछ|
४.अपाङ्गतासम्बन्धी कार्यविधिलाई आवश्यकताबमोजिम संशोधन गरिनेछ|
५.जेष्ठ नागरिकका लागि सम्मान कार्यक्रम संचालन गरिने छ|
६.एक गाउँ एक जेष्ठ नागरिक भेटघाट तथा आराम सामुदायिक भवन निर्माण गरिनेछ|

## ढ) दलित एबम पिछडा वर्ग उत्थानः

१.छुवाछुत तथा भेदभाद सामाजिक अपराध हे । छुवाछुत तथा भेदभाद अन्त्यका लागि सचेतीकृत कार्यक्रम संचालन गरिनेछ|
२.सीपमूलक, रोजगारमूलक तथा आयमूलक कार्यक्रम संचालनमा जोड दिइनेछ|
३.आरन सुधार परम्परागत पेशा व्यवसाय भएका समुदायलाई आधुनिक सीपमूलक तालीमको व्यबस्था गरिनेछ|

४.दलित एबम् पिछडिएको समुदायको हकहितको संरक्षण लागि कानुन निर्माण गरी मागको अधारमा कार्यक्रम सञ्चालनगरिनेछ|

## ण) युवा तथा खेलकुद विकास:

१.गाउँपालिकस्तरीय सुबिधा सम्पन्न Multifunctional कभर्ड हल निर्माणका लागि आबश्यक बजेट विनियोजन गरिनेछ |

२.बेरोजगार युवाहरुलाई उनीहरुको सीपका अधारमा प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत विकास निर्माणमा जोड्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ|

३.प्रहरीको समन्वयमा कुलत तथा दुर्ब्यसनीमा लागेका युबाहरुलाई रुपान्तरणका लागिविशेष कार्यक्रमहरु ल्याइनेछ|

४.युबाहरुमा विभिन्न खेल र रचनात्मक कार्यक्रमहरु संचालन गरी नैतिक चारित्रिक अनुशासनको विकास गरी समाजप्रति दायित्व बोध गराउने कार्यक्रमहरु समाबेश गराउनलाई उचित रकम विनियोजन गरिने छ |

५.अन्तर वडास्तरीय विभिन्न खेलहरुको आयोजना गरी खेलकुदलाई प्रबर्द्धन र विकास गरिनेछ|

६.बिद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलापका साथै गाउँपालिकास्तरमा रास्ट्रपति कप, अध्यक्ष कप लगायतको खेलकुद प्रतियोगिता संचालन गरिनेछ|

७. गाउँपालिकास्तरीय तथा वडास्तरीय खेलकुद विकास समिति गठन गरी विभिन्न खेलको व्यबस्थापन गरिनेछ |

८.बिद्यालयस्तरमा स्काउट शिक्षालाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गरिनेछ |

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

### त)सूचना  प्रबिधि तथा सुशासन:

१.गाउँपालिकालाई प्राप्त हुने राजश्वलाई थप व्यवस्थित,प्रबिधिमैत्री, छिटो, आवश्यकताअनुसार रिपोर्ट हेर्न मिल्ने र समयसापक्ष बनाउन सम्पति , भूमि , व्यवसाय तथा नगदी रसिदलाई **E-Billing** मार्फत कार्यन्वयनमा ल्याइने प्रक्रियालाई निरन्तरता दिइनेछ|

२.गाउँपालिकाले दिने सेवा सुबिधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरिकको पहुँचमा पुर्याउन मोबाईल एप्स "**साझा त्रिपुरासुन्दरी**"लाई नागरिक समक्ष अझ बढी परिस्कृत साथै प्रयेगकर्तामैत्री बनाउदै लगिनेछ|

३.योजना/कार्यक्रमको सम्झौता प्रक्रियामा कर्मचारी र सेवाग्राहीलाई हुने ढिला सुस्ती र एक क्लिकमा सम्पूर्ण रिपोर्ट हेर्न मिल्ने साथै कर्मचारी र सेवाग्राहीवीचको दूरी कम गर्नका लागि यस आ.व  ०७८/७९ मा पनि यस प्रणालीलाई निरन्तरता दिईदै **योजना संचालन तथा अभिलेख व्यबस्थापन सफ्टवेयर**लाई प्रभावकारी रुपमा कार्यान्वयनमा  ल्याइनेछ|

४.डिजिटल सोधपुछ कक्ष, डिजिटल सूचना पार्टी ,डिजिटल नागरिक बडापत्रको व्यबस्थापन गरिनेछ । सेवाग्राहीहरुको बाक्लो उपस्थित हुने कार्यालय तथा सार्वजनिक स्थानहरुमा(गाउँपालिका ,वडा कार्यालय ,प्रतीक्षालय ,स्वास्थ्य चौकी)मा निशुल्क इन्टरनेट सेवाको क्रमश बिस्तार गर्दै लैजाने नीति लिईनेछ|

५.विभिन्न कार्यालयहरु (वडा कार्यालय , बिद्यालय र स्वास्थ्य चौकी)हरुमा जोडिएको विद्युतीय हाजिरीलाई गाउँपालिकाको सञ्जाल (NETWORK)मा जोडी गाउँपालिकाबाट निगरानी गर्ने व्यबस्था मिलाईनेछ|

६.गाउँपालिकाको कार्यालय र अन्तर्गतका शाखाहरुमा गतिबिधिहरुको निगरानी तथा पारदर्शिता कायम गर्न **सी.सी. क्यामरा** जडानलाई प्रभावकारी बनाई कार्यालयबाट भए गरेका सेवाप्रवाहलाई गाउँपालिकाको कार्यालयबाट निगरानीको व्यबस्था मिलाइनेछ|

७.सामजिक सुरक्षा भत्तालाई बास्तविक लाभग्राहीको हातमा पु~याउन र पारदर्शिता कायम गर्ने उद्वेश्यले सामाजिक सुरक्षा भत्तालाई बैंकिङ् प्रणालीमार्फत भुक्तानी गर्ने व्यबस्था निरन्तरता दिइने छ |

८.सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्तालाई अनलाइन प्रणालीमा लगिनेछ|जसका लागि वडामा कार्यरत कर्मचारीहरुलाई सूचना तथा संचार प्रबिधिसम्बन्धी तालीमको समेत व्यबस्था मिलाईनेछ|

९.सवै वडाअन्तर्गतको बजारउन्मुख क्षेत्रलाई Free Wi-Fi ZONE/ CC Camera जडान गरिने छ ।|

१०.गाउँपालिका र वडा तहका सूचनाहरुलाई वेबसाइटमार्फत प्रकाशन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ|

११.गाउँपालिका तथा वडा तहमा पनि नागरिकहरुले गुनासो तथा उजुरी गर्न सक्ने संयन्त्रको बिकास गरिनेछ|

१२.आवधिक रुपमा सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ|सार्बजनिक सुनुवाईमा उठेका सवाल र सम्बादका बिषयमा समिक्षा गरिनेछ|

१३.उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट सम्पादन हुने विकास निर्माण कार्यको प्रभावकारी रुपमा सार्बजनिक परीक्षण तथा सार्बजनिक सुनुवाईजस्ता कार्यलाई थप प्रभावकारी बनाइनेछ|

१४. यस गाउँपालिकाले लिएको **भ्रस्टाचार बिरुद्ध शून्य सहनशीलताको** नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याइनेछ|

१५.यस गाउँपालिकालाई पेश्की रहित र बेरुजुमुक्त गाउँपालिका बनाइनेछ |

१६. गाउँपालिकाभित्रका कार्यालयहरुबाट दिईने नागरिक सेवाप्रवाहलाई **"रहरले काम गरौ ,हाँसेर सेवा गरौँ "** को नीति अवलम्बन गरिनेछ |

१७.स्थानीय तह खरिद ऐन तथा नियमावलीवमेजिमसार्वजनिक खरिद कार्यलाई व्यवस्थित ,पारदर्शी ,मितव्ययी र उत्तरदायी बनाइनेछ|

१९.सगठन तथा व्यवस्थापन सर्वेक्षण येजना निर्माण गरी करार जनशक्ति व्यबस्थापनसम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ|

२०. गाउँपालिका क्षेत्रभित्र ल्याण्ड लाइन टेलिफोन सेवा थप बिस्तार गर्न आवश्यक पहल गरिनेछ|

२१.जनउत्तरदायी स्थानीय प्रशासन र विधिको शासन स्थापना गरिने छ|

२२. निर्माण सामाग्री तथा निर्माण हुने संरचनाहरुलाई थप गुणस्तरीय र दिगो बनाउन Material Testing Lab स्थापना गरिनेछ |

२३.त्रिपुरासुन्दरी गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई खाजा कार्यक्रम ल्याइने छ |

२४.गाउँपालिका तथा वडाकार्यालयमा करार /अस्थायी रुपमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू गरिने छ |

**वाताबरण तथा विपद ब्यबस्थापन:"दिगो विकासका लागि, वातावरण"**

**थ ) वन तथा भूसंरक्षण ,वातावरण संरक्षण तथा जलाधार संरक्षण :**

१.स्थानीय समुदायको अग्राधिकार रहने गरी बन पैदावार र बन क्षेत्रको नोक्सानी नहुने गरी बन क्षेत्रको व्यावसायिक बिकासमा जोड दिईनेछ|

२.परम्परागत चुल्होबाट खाना पकाउन बाध्य आमा, दिदीबहिनीहरुको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने घरभित्रको धुवाँलाई न्यूनीकरण गर्नका लागि आधुनिक सुधारिएको चुलो, बायोग्यास जडानमा आबश्यक अनुदान दिंदै बैकल्पिक उर्जा प्रबर्धनलाई बिशेष प्राथमिकतामा राखिनेछ|

३.गाउँपालिकाभित्रका विभिन्न सडक खण्डमा रहेको घुम्ती बाटो ,चोक र बजार क्षेत्रहरुमा सौर्य सडक बत्ती (STREET SOLAR LIGHT) तथा CC CAMERA जडान कार्यलाई निरन्तरता दिईनेछ|

४.आपतकालीन उद्दार तथा राहत सामाग्री संकलन केन्द्र निर्माण गरी संचालन गरिनेछ|

५.नेपाल सरकारद्वारा स्वीकृत वाताबरणमैत्री स्थानीय शासन अवधाराणा(EFLG) अनुरुप बाताबरण मैत्री संरचनागत विकास निर्माणमा विशेष जोड दिइनेछ|

६.भू-क्षयलगायत बाढी,पहिरो रोकथामका निम्ति हरेक योजनाको कूल लागतको १ % प्रतिशत रकम बायो-इन्जिनियरिङमा खर्च गर्नुपर्ने प्राबधानलाई विशेष नीति बनाई कार्यन्वयनमा जोड दिइनेछ|

७. त्रिपुरासुन्दरी गाउँपालिकाअन्तर्गत वातावरण प्रदुषण ,जलवायु परिबर्तन आदिसंग सम्बन्धित अध्ययन तथा अनुसन्धानकर्तालाई प्रोत्साहनका लागि अनुदानको व्यवस्था गरिनेछ ।

८.नदी खोलाबाट कटान भएका उर्वर जमिनहरु जस्तै ह्यापिंगेखोला ,कास्टेखोला ,बगुवाखोला ,मदने खोला गणेशखोला र लपांङखोलामा तटबन्दनका लागि योजना बनाइनेछ|

९.विपद जोखिम सम्बेदनशील भूउपयोग योजना निर्माण गरिनेछ साथै विपद जोखिम क्षेत्र पहिचान गरी नक्सांकन गरिने छ |

१०. आपतकालिन उद्दारका लागि आवश्यक सामाग्री बारुणयन्त्र ,शव बाहन परिचालनका लागि राज्यका सबै तहसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ |

११. प्रत्येक वडामा वन पार्क निर्माण गरिनेछ |

१२ गाउँपालिका क्षेत्रभित्रका मूल सडक छेऊमा वृक्षारेपण गरी हरियाली मार्ग निर्माण गरिने कार्यके थालनी गरिने छ ।

## द) सरसफाई तथा फोहोरमैला व्यबस्थापन:

१.स्यानिटरी ल्याण्डफिल साइट तथा डम्पिङ साइट छुट्टयाउनका लागि सम्भाव्यता अध्ययन गरी कार्यन्वयनमा ल्याइनेछ|

२.गाउँपालिका, वडास्तर, टोलस्तरमा सरसफाई तथा फोहोर व्यबस्थापन समूह गठन गरी क्रियाशील बनाईनेछ|

**३."फोहोरलाई, मोहोर** "बनाउनका लागिप्लास्टिक पुनप्रयोग तथा फोहोरको विविध प्रयोगको विधिलाई अबलम्बन गर्दै लगिने छ|

**४** टेल विकास सस्थाहरुलाइ फोहोरमैला व्यबस्थापन गर्न जिम्मेवार बनाइने छ ।

## ध)भूमि व्यबस्थापन:

१.सार्बजनिक  जग्गाको पहिचान र अभिलेख गरी अतिक्रमणलाई नियन्त्रण गरिनेछ |
२.भूमि बैंक स्थापना गरी सोको उपयोगलाई कार्यान्वयन गरिनेछ|
३. भूमिको डिजिटल नापी प्रणाली क्रमश लागू गरिनेछ|
४.सल्यानटारमा व्यवस्थित वस्ती बिकासको लागि आबश्यक नीति लिइनेछ|
५. गाउँपालिकाभित्रको भूमि पून:नापी गर्न पहलकदमी थालिनेछ |
६.सल्यानटार शहरीकरण लाई मध्ये नजर राख्दै जग्गा खण्डीकरण गर्दा ८ आना भन्दा सानो कित्ता काट नगर्ने नीति अबलम्बन गरिनेछ|
७ सल्यानटार स्वास्थ्य केन्द्रका लागि जग्गा खरिद प्रक्रिया अघि वढाउन बजेटके  व्यवस्था गरिने छ ।

## न) विविध :

१.घबर्गका  निर्माण व्याबसायी ईजाजत पत्र कार्यविधि अनुरुप उपलब्ध गराइनेछ |
२.सामाजिक सुरक्षा भत्ता बैंकमार्फत टोलटोलमा  वितरण गर्ने व्यबस्था मिलाइनेछ |
३.सहीद,बेपत्त्ता द्वन्दपिडीत परिवार र तिनका सन्ततिहरुलाई गाउँपालिकाबाट उनीहरुको योगदानको कदर गर्दै बिशेष कार्यक्रम ल्याईनेछ  |

४.गाउँपालिकास्तरीय न्यायिक समितिलाई थप प्रभावकारी बनाइनुका साथैवडास्तरीय मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाईनेछ |

५.गाउँपालिका कार्यालय क्षेत्र हातामा फुलवारी वृक्षारेपण तथा ब्यबस्थित सवारी पार्किंगको व्यबस्था मिलाईनेछ |

६. अम सञ्चार नीति वनाइ शिक्षित युवा वर्गलाइ पत्रकारितामा अकर्षित गर्न पत्रकार महासघको साझेदारीमा तालिम दिइने छ ।

७ विकास साझेदार गैरसरकारी सस्था टुकी नेपाल असमान नेपाल सुअहारा कार्यक्रम हेफर इन्टरनेशनल नेपालजस्ता सस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ ।

## "त्रिपुरासुन्दरी बासीको रहर ,व्यवस्थित सुबिधा सम्पन्न सल्यानटार शहर"

गाउँपालिकाको क्षेत्रभित्र गौरबका आयोजना, जनसहभागिता, राष्ट्रिय नीति तथा कार्यक्रम,आवधिक योजना,सुशासन ,कानुनी शासन त्रिपुरासुन्दरीबासीको चाहनाको आधारमा **"त्रिपुरासुन्दरी बासीको रहर ,व्यवस्थित सुबिधा संम्पन्न सल्यानटार शहर"** बनाउने अभियानलाई आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास ,विपद तथा वाताबरण व्यबस्थापनमा जोड दिनका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा एकीकृत बस्ती विकास कार्यक्रम यसै बर्षबाट थालनी गरिनेछ| जलाशययुक्त बुढीगण्डकी आयोजनामा पर्ने घर गोठ, फलफुल र बोट विरुवाको उचित मूल्याङ्कन गरी

मुआब्जाको ह्रासकट्टी नगर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ |

अन्त्यमा,

चालू आ.व  ०७७/०७८ को नीति तथा कार्यक्रम ,योजना तथा बजेट कार्यान्वयनमा लाग्नु हुने जनप्रतिनिधि साथीहरु,कर्मचारीमित्रहरु तथा आम नागरिकमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु र आर्थिक वर्ष ०७८/०७९ को माथि उल्लेखित नीति तथा कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्न बजेट विनियोजन गरी कार्य संचालन गरिनेछ| यस बर्षको नीति,कार्यक्रम, योजना र बजेट कार्यन्वयनमा यहाँहरुको अझ बढी सहयोग र क्रियाशीलताको अपेक्षा गर्दछु| यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक कृतज्ञतासहित धन्यबाद व्यक्त गर्दछु|

धन्यबाद नमस्कार!!

२०७८|०३|१०

**शम्भुकुमार थापा**

**अध्यक्ष**